आकाशवाणी

प्रमुख समाचार

- बिहारमा पहिलो चरणको मतदान शान्तिपूर्ण रूपमा सम्पन्न
- महिला विश्व कप विजेता भारतीय क्रिकेट टोलीको राष्ट्रपतिसित भेट
- राष्ट्रपति श्रीमती मुर्मू आठ नोभेम्बरदेखि अंगोला र बोट्सवानाको भ्रमणमा रहनुहुने
- प्रधानमन्त्रीले शनिवार भाराणसीमा चारवटा नयाँ वन्दे भारत एक्सप्रेस रेल प्रस्थान गराउनुहुने अनि
- डाक्टर मनसुख माण्डवियाको रोमानिया र रूसका मन्त्रीहरूसित द्विपक्षीय बैठक सम्पन्न

-----------

- Bihar Poll

बिहारमा विधानसभा चुनावको पहिलो चरणको मतदान शान्तिपूर्ण रूपमा सम्पन्न भयो। आज बिहान सात बजीदेखि शुरू भएको मतदानमा अठार जिल्लाका एक सय एक्काइस समष्ठिका मानिसहरूले संवैधानिक अधिकारको प्रयोग गर्दै अफ्नो मत दिए।
अहिले पाँच बजीसम्मको रेकर्डअनुसार पहिलो चरणमा साठ्ठी प्रतिशतभन्दा अधिक मतदान भयो। यस चरणले भाजपा नेताहरू तथा उप-मुख्यमन्त्रीहरू सम्राट चौधरी र विजय कुमार सिन्हासहित नितिश कुमार मन्त्री परिषद्का सोल्ह मन्त्रीहरू तथा धेरै प्रमुख नेताहरूको राजनीतिक भाग्यको फसेला गर्नेछ। RJD नेता तथा महागठबन्धनका मुख्यमन्त्री उम्मेदवार तेजस्वी प्रसाद यादव पनि मैदानमा हुनुहुन्छ।
पहिलो चरणमा स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न व्यापक सुरक्षा व्यवस्था गरिएको थियो।

-------------------------------------X-------------------------------------

- President Team India

ICC क्रिकेट महिला विश्व कप 2025-को विजेता भारतीय महिला टोलीका सदस्यहरूले आज नयाँ दिल्लीमा राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुसित भेट गरे। राष्ट्रपति श्रीमती मुर्मूले टोलीलाई बधाई दिनुभयो अनि भन्नुभयो.........

राष्ट्रपतिले भन्नुभयो, भारतीय महिला टोलीले विभिन्न क्षेत्र, सामाजिक पृष्ठभूमी र परिस्थितिको प्रतिनिधित्व गर्दछ अनि टोलीका रूपमा भारतभरिको विविधताको परिचायक हो। उहाँले भन्नुभयो, टोलीले सात-पल्टको विश्व च्याम्पियन र अजेय अस्ट्रेलियाई टोलीलाई हराएर आफ्नो क्षमतामा सबै भारतवासीको भरोसा दह्रिलो बनाएको छ। श्रीमती मुर्मूले भन्नुभयो, फाइनलमा एउटा मजबूत टोलीलाई ठूलो अन्तरले हराउनु टोलीको श्रेष्ठताको यादगार उदहारण हो।

यसअघि हिजो, प्रधानमन्त्री नरेन्द्र मोदीले लोक कल्याण मार्गस्थित आफ्नो आवासमा महिला विश्व कप विजेता खेलाड़ीहरूलाई स्वागत गर्नुभयो। श्री मोदीले महिला क्रिकेट टोलीलाई उनीहरूको जीतमा बधाई दिनुभयो अनि प्रतियोगितामा उत्कृष्ट वापसीको सराहना गर्नुभयो। प्रधानमन्त्रीले खेलाड़ीहरूसित विशेषगरी देशभरिका छोरीहरूका लागि फिट इण्डियाको सन्देशलाई अघि बढ़ाउन पनि आग्रह गर्नुभयो। उहाँले महिला क्रिकेट टोलीसित कुरा गर्दै भन्नुभयो............

भेटको क्रममा कप्तान हरमनप्रीत कौरले 2017-मा श्री मोदीसित भएको भेटको याद गर्दै आफूले त्यस समय बिना ट्रफी भेट गरेको अनि अघिल्लो पल्ट आफूले ट्रफीको साथमा भेट गर्ने वचन दिएको बताइन्। उप-कप्तान स्मृति मन्धानाले भनिन्, प्रधानमन्त्रीले उनीहरूलाई प्रेरित गर्नुभयो अनि उहाँ सबैका निम्ति प्रेरणा स्रोत हुनुहुन्छ।

--------------------------------------X--------------------------------------

- **MEA Breefing**

राष्ट्रपति द्रौपदी मुर्मू यसै महिनाको आठ तारिकदेखि अंगोला र बोट्सवानाको छह दिवसीय भ्रमणमा रहनुहुनेछ। यी देशहरूमा कुनै पनि भारतीय राष्ट्र प्रमुखको यो पहिलो भ्रमण हुनेछ।

नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिँदै विदेश मामिला मन्त्रालयका सचिव सुधाकर डालेलाले भन्नुभयो, राष्ट्रपतिले अंगोलाका राष्ट्रपति जोआवो मानुएल गोन्काल्भेस लोरेन्को-सित द्विपक्षीय वार्ता गर्नुहुनेछ। उहाँले राष्ट्रपति एघार नोभेम्बरमा अंगोलाको स्वतन्त्रताको पचासौं वार्षिकोत्सव समारोहमा सहभागी बन्ने पनि बताउनुभयो। राष्ट्रपतिले अंगोलाको संसदलाई सम्बोधन गर्ने र अंगोलामा भारतीय समुदायका सदस्यहरूसित अन्तरक्रिया गर्ने कार्यक्रम पनि रहेको छ।

--------------------------------------X--------------------------------------

- PM Varanasi visit

प्रधानमन्त्री नरेन्द्र मोदीले शनिवार भाराणसीको भ्रमण गर्दै त्यहाँ चारवटा नयाँ वन्दे भारत एक्सप्रेस रेललाई हरियो झण्डा देखाएर प्रस्थान गराउनु हुनेछ। नयाँ वन्दे भारत एक्सप्रेस रेलहरू बनारस-खजुराहो, लखनऊ-सहारनपुर, फिरोजपुर-दिल्ली र एर्नाकुलम-बेंगलुरु मार्गमा चल्नेछन्। यी रेलबाट यात्रीले कम्ति समयमा यात्रा गर्न सक्नेछन्। यसको उद्देश्य पर्यटन र देश भरिमा आर्थिक गतिविधिलाई प्राथमिकता दिनु हो।
सोही दिन प्रधानमन्त्रीले नयाँ दिल्लीमा कानुनी सहायता उपलब्ध गराउने तन्त्रलाई सुदृढ बनाउनमाथि आयोजना गरिने राष्ट्रिय सम्मेलनको उदघाटन गर्नुहुनेछ। जानकारीअनुसार प्रधानमन्त्रीले राष्ट्रिय विधि सेवा प्राधिकरणद्वारा तयार पारेको सामुदायिक मध्यस्थता प्रशिक्षण मड्यूलको शुभारम्भ गर्दै उपस्थित जनसमूहलाई सम्बोधन गर्नुहुनेछ।

--------------------------------------X--------------------------------------

- Mandaviya-Doha

श्रम तथा रोजगार मन्त्री डाक्टर मनसुख माण्डवियाले आज दोहामा सामाजिक विकासमाथि दोस्रो विश्व शिखर सम्मेलनको अवसरमा रोमानिया र रूसका सम्बन्धित मन्त्रालयका मन्त्रीहरूसित द्विपक्षीय बैठक गर्नुभयो। उहाँले कतरको सामाजिक विकास र परिवार मन्त्री बुथैना बिन्त अली अल जबर अल नुआइमी-सित पनि भेट गर्नुभयो। डाक्टर माण्डवियाले एउटा सोशल मिडिया पोस्टमा भन्नुभएको छ, चर्चाअवधि कुशल र अन्तिम स्थानसम्म सेवाको वितरणका लागि डिजिटल नवाचारमा सर्वोत्तम पद्धति साझा गरिनुपर्ने कुरामाथि ध्यायन दिइएको छ। डाक्टर माण्डवियाले सामाजिक सुरक्षा प्रणालीलाई दह्रिलो बनाउन अनि अन्तरराष्ट्रिय युवा गतिशीलतालाई बढ़ावा दिन भारतको E-श्रम र NCS पोर्टलको उल्लेख गर्नुभयो।

--------------------------------------X--------------------------------------

- MP Sports Festival

कर्पोरेट मामिला राज्य मन्त्री हर्ष मल्होत्राले यस महिनाको सोल्ह तारिक नयाँ दिल्लीमा सांसद खेल महोत्सवअन्तर्गत नमो रन म्याराथनको आयोजन गरिने घोषणा गर्नुभयो। सांसद खेल महोत्सवको उदघाटन गर्दै श्री मल्होयत्राले भन्नुभयो, खेल महोत्सवका लागि

लगभग तीस हजार प्रतिभागीहरूले पञ्जीकरण गराएका छन्। उहाँले भन्नुभयो, यसको आयोजन तीन चरणमा हुनेछ, जसमा भारतीय पारम्परिक खेलहरूसितै ओलम्पिकमा समावेश खेलहरूको पनि प्रतियोगिता आयोजन गरिनेछ।

---------------------------------------X---------------------------------------

- Chauhan-Sambhajinagar

केन्द्रिय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहान भोली महाराष्ट्रको छत्रपति सम्भाजीनगर जिल्ला र छेउछाउका ग्रामीण स्थानहरूको एक दिवसीय भ्रमणमा रहनुहुनेछ। कृषि तथा किसान कल्याण मन्त्रालयले भनेको छ, मन्त्रीले कृषि तथा ग्रामीण विकास योजनाहरूको क्रियान्वयनको समीक्षा गर्नुहुनेछ। यस अवधि श्री चौहानले स्थानीय किसानहरूसित भलाकुसारी गर्दै बाढ़ प्रभावित क्षेत्रको जानकारी लिनुहुनेछ।

---------------------------------------X---------------------------------------

- Satpal RS Oath

उपराष्ट्रपति तथा राज्यसभाका सभापति CP राधाकृष्णनले आज सतपाल शर्मालाई शपथ दिलाउनुभयो। श्री शर्मा संसदको उच्च सदनका निर्वाचित सदस्य हुनुहुन्छ। उहाँ जम्मू-कश्मीरबाट भारतीय जनता पार्टीका सदस्य हुनुहुन्छ। शपथ ग्रहण समारोहमा केन्द्रिय मन्त्री जगत प्रकाश नड्डा र डाक्टर जितेन्द्र सिंह उपस्थित हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

- Naidu-SAF summit

नागर विमानन मन्त्री राम मोहन नायडू किंजरापुले भन्नुभयो, केन्द्र सरकारले भारतलाई सतत विमानन ईन्धन (SAF) उत्पादनमा वैश्विक अग्रणीका रूपमा स्थापित गर्नका लागि एउटा दह्रिलो र सुदृढ नीतिमाथि काम गरिरहेछ। नयाँ दिल्लीमा आज भारत SAF शिखर सम्मेलनलाई सम्बोधन गर्दै श्री नायडूले भन्नुभयो, भारतले आफ्नो फीड-स्टक उपलब्धता र उत्पादन सुविधाका कारण यस क्षेत्रमा पहिलै उल्लेखनीय प्रगति गरेको छ। उहाँले

भन्नुभयो, सरकार वर्तमानमा उत्पादन बढ़ाउन र नीति नियोजनका लागि सबै आवश्यक हितधारकहरूलाई एकैसाथ ल्याउन काम गरिरहेछ।

---------------------------------------X---------------------------------------

- Delhi - Sirsa Rajouri Garden

दिल्लीक◌ा पर्यावरण मन्त्री मनजिन्दर सिंह सिरसाले आज राजौरी गार्डन क्षेत्रम◌ा नयाँ सीवर लाइन, व◌ाटर लाइन, ब◌्याकलाइन, नयाँ सड़क र बाउन्ड्री वाल जस्ता लगभग दश करोड़ र◌ूप◌ियाँ लागतक◌ा विभिन्न विकास कार्यक◌ो लोकार्पण गर्नुभयो। यसबाहेक उहाँले प्रदूषणको प्रभावी ढङ्गमा सामना गर्नका लागि स्मोक गन्स वाहनलाई पनि प्रस्थान गराउनुभयो। यस अवसरमा बोल्दै उहाँले भन्नुभयो.........

---------------------------------------X---------------------------------------

- Result Men's Cricket

क्रिकेटमा, भारतले आज साँझ क्वीन्सल्याण्डको काररा ओभलमा चौथो T-20 अन्तरराष्ट्रिय खेलमा अष्ट्रेलियामाथि अड़्चालीस रनको प्रभावशाली जित दर्ता गऱ्यो। यस जितका साथ भारतीय टोलीले श्रृङ्खलामा दुई-एकको बढ़त बनाएको छ। भारतको एक सय अड़्सटको लक्ष्य पछ्याउँदै मैदानमा उत्रीएको अष्ट्रेलियाई टोली अठार ओबर दुई बलमा एक सय उन्नाइ रनमा समेटियो।

---------------------------------------X---------------------------------------